
# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



छैठौं संघनायक दिवंगत भिक्षु अश्वघोष महास्थविर



धर्मकीर्ति विहारका सह-संस्थापिका
दिवंगत दो गुणवती गुरूमां (वर्मी)

वर्षः ४०, अङ्कः १
बु.सं. २५६५, ल्हुति पुन्हि

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म:*
बि. सं. १९९२
भाद्र २४ गते

*दिवंगत:*
बि.सं. २०७८
चैत्र २ गते

# दिवंगत सुमति तुलाधर

धर्मकीर्ति पूर्णहेरा पुच:या दुज:
**सुमति तुलाधर** ८६ दँया वैशय् दिवंगत जुयादिल ।
दु:खं कयाच्वंगु थुगु घडी वय्क:या जहान परिवारपिसं भगवान् बुद्धया
शिक्षा थ्वीका: धैर्य धारण याय् फय्मा धका: कामना याना ।
अथेहे दिवंगत जुयादीम्ह सुमति तुलाधरयात सुगति व निर्वाणया हेतु प्राप्त
ज्वीमा धका: आशिका यासे पुण्यानुमोदन यानाच्वना

## धर्मकीर्ति पूर्ण हेरा पुच:

### धर्मकीर्ति विहार

**श्रीघ: नघ:, यें**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोनः ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोनः ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोनः ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोनः ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोनः ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६५

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**16th APRIL 2022**

| वर्ष- ४० | अङ्क- १ | ल्हुति पुन्हि | वैशाख २०७९ |
|---|---|---|---|


**कोनु हासो किमा नन्दो - निच्चं पज्जलिते सति**
**अन्धकारेन ओनद्धा - पदीपं न वगेस्सथ**

**न्ध्याबलें रागादि मि च्यानाच्वंगु लोकय् छु न्हिलेगु ? छु आनन्द काय्गु अन्धकारं तोपुयातय् धुंकल । अय्नं छं मतजः माःवने म्वाःला ?**

**चारैतर्फ दन्दनि आगो बलिरहेको छ । कसरी हाँस्ने र कसरी आनन्द लिने ? चारैतर्फ अन्धकारले घेरिसकेको छ। तैपनि आलोक (प्रकाश) किन खोज्दैनौ ?**

**Why this joy, this gladness, when the world is forever burning ? O ! you who are enveloped in shadows, why do you not seek the light ?**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - रूपं जीरति मच्चानं नाम गोत्तं नजीरति | – | ३ |
| ३) | मनको कर्म नै मुख्य हो | – सत्यनारायण गोयन्का | ४ |
| ४) | छैठौं संघनायक भन्ते अश्वघोष | – तीर्थराज बज्राचार्य | ८ |
| ५) | श्रद्धाया निफ्वः स्वां | – श्रद्धाकमल ताम्राकार | १० |
| ६) | धेरैको मन जित्न सफल अश्वघोष भन्ते | – प्रेमलक्ष्मी तुलाधर | ११ |
| ७) | धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू | – | १२ |
| ८) | नेपालका लागि धर्मदूत दो गुणवती गुरुमां | – दीना कंसाकार | १३ |
| ९) | वेस्सन्तर जातक-३ | – वीर्यवती गुरुमां | १५ |
| १०) | धर्मकीर्ति गतिविधि | – | १८ |
| ११) | धर्मप्रचार समाचार | – | १९ |



*पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु*
*पुण्य (कुशल कर्म) गर्दै जानु ।*
*आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥*
*यही नै बुद्धको उपदेश हो ।*

# बिश्व मोटर ट्रेडर्स

ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस् हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

## ▪ सम्पादकीय ▪

# रूपं जीरति मच्चानं नाम गोत्तं नजीरति

हाम्रो रूप जीर्ण भएर गए पनि आफूले गरेका असल कार्यहरूको कीर्ति जीर्ण हुँदैन । प्राय: सत्पुरुषहरूले यस संसारमा आफ्नो कीर्ति र योगदान छोडेर गएका हुन्छन् । यसरी नै श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविर र श्रद्धेय दो गुणवती गुरुमां आज हामी माझ हुनुहुन्न । उहाँहरू परलोक हुनुभएको तीन वर्ष भइसक्यो । तर उहाँहरूले धर्म पालन र धर्मप्रचार कार्यमा जति पनि योगदान गरी समाज सेवाका कार्यहरू गरी कीर्ति छोडेर जानुभएका छन् ती सबै अमर भएर रहेका छन् ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर बि.सं. २०२९ साल देखि २०७५ सालसम्म धर्मकीर्ति मासिक पत्रिकाका सम्पादक एवं प्रधान सम्पादकको रूपमा रही धर्मप्रचार कार्यमा संलग्न रहनुभएको छ भने बि.सं. २०२८ सालमा स्थापित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको धर्मानुशासकको रूपमा रही कतिपय युवा वर्गलाई बुद्ध शिक्षा पठनपाठन गराउने कार्यमा जुट्नु भएको छ । त्यतिमात्र होइन उहाँ धर्मकीर्ति विहार संरक्षण कोषका धर्मानुशासकको रुपमा रही धर्म प्रचार कार्यमा अभिभावकको भूमिका निभाउनु भएको देखिन्छ । धर्मकीर्ति विहार बाहेक अन्य क्षेत्रहरूको लागि पनि धर्मप्रचार क्षेत्रमा जुटी जति पनि उहाँले योगदान पुऱ्याउनु भएको छ, ती कार्यको सम्मानार्थ उहाँलाई म्यानमार सरकारको धार्मिक मन्त्रालयले सन् २००० मार्च १९ मा "अग्ग महा सद्धम्म जोतिक धज" उपाधीले विभूषित गरियो ।

२०६८ आश्विन १४ गते भिक्षु महासंघका सदस्यहरूले संघ सम्मति सहित एक धार्मिक विधि "संघनायको पतिट्ठापन" विधिपूर्वक उहाँलाई नेपालको छैठौं पूज्यपाद संघनायक भनी पदस्थापन गरियो ।


मिति २०७५ चैत्र २२ गते शुक्रवार ९३ वर्षको उमेरमा उहाँ दिवंगत हुनुभयो । धर्मप्रचार कार्यमा उहाँको अमूल्य योगदानलाई कदर गर्दै २०७५ साल चैत्र २४ गते आइतवार उहाँको पार्थिव शरीरलाई कर्णदीप चिहानमा नेपाल सरकारले राजकीय सम्मानकासाथ नेपाली सेनाको टुकडीले सलामी अर्पण गरी अन्त्येष्ठी गरियो ।

यसरी नै दो गुणवती गुरुमांको जन्म बुबा उ मे र आमा दो अत्येको कोखबाट सन् १९२४ डिसेम्बरमा बर्मा स्थित मुदौ राज्यको कोपरां गाउँमा भयो । उहाँ मोलमिनको भगु च्याउँमा सन् १९३६ मा १२ वर्षको उमेरमा प्रव्रजित हुनुभयो । सन् १९४९ मा मोलमिन स्थित खेमाराम नन्स् स्टडिज सेन्टरमा प्रवेश गरी बुद्ध शिक्षा सम्बन्धी उच्चतहको शिक्षा अध्ययन गर्नुभयो । यही शिक्षण संस्थामा उहाँसँग धम्मवती गुरुमांको चिनाजानी भई दुबै सहपाठी हुनुभएका थिए । यही संस्थाबाट दुबैले सासनधज धम्माचरिय उपाधि हासिल गर्न सफल हुनुभएका थिए । पढाई पछि उहाँ नेपालमा धर्म प्रचारार्थ धम्मवती गुरुमांलाई साथ दिनका लागि बि.सं. २०२० सालमा नेपाल आउनु भई लगभग ३५ वर्षसम्म दुःख सुख झेली धर्म प्रचार कार्यमा जुट्नु भयो । कवि केशरी चित्तधर हृदयबाट नेपाल भाषा सिक्नुभई नेपाल भाषाबाट नै "वासेट्ठी थेरी" "एकताया ताःचा" र "नेपालय् २५ दँ जिगु लुमन्ति" आदि पुस्तक लेखी प्रकाशन गर्नुभयो ।

धम्मवती गुरुमांसंग धर्मप्रचारार्थ बर्मा देशबाट नेपाल आउनुभएकी दो गुणवती गुरुमांको धर्मप्रचार शैली भिन्न प्रकारको छ । धर्मदेशनाको माध्यमबाट भन्दा पनि धर्मानुकुलको राम्रो बानी व्यवहार प्रयोग गर्नुहुँदै धर्मप्रचार गर्ने बानी छ उहाँमा । अरूको दोष खोतल्नु भन्दा अलिकति भए पनि गुणपत्ता लगाउन सक्षम दो गुणवती गुरुमां सबैसँग मित्रता गाँसी मेलमिलाप पूर्वक रहन शिपालु हुनुहुन्छ । त्यसैले समूहमा रहनुहुँदा "समग्गानं तपोसुखो" अर्थात् एक आपसमा कलह होइन, मिलिजुली बस्नु सक्नु नै स्वर्ग स्वरूपको सुख हो भन्ने गर्नुहुन्थ्यो ।

यसरी बुद्ध शिक्षालाई आफ्नो शरीरले शक्ति दिएसम्म अभ्यास गर्दै बुद्ध शिक्षा प्रचार गर्दै उहाँ सन् २०१९ मार्च २८ अर्थात् बि.सं. २०७५ चैत्र १४ गते बिहिवार ९५ वर्षको उमेरमा परलोक हुनुभयो । अनन्तगुणवान् उहाँहरू दुबै गुरुहरूको सुगति एवं निर्वाण हेतुको कामना गर्दै उहाँहरूको पुण्यस्मृतिमा धर्मकीर्ति परिवार पुण्यानुमोदन गर्दछौं ।

भवतु सब्ब मंगलम् ।



# मनको कर्म नै मुख्य हो

✍ **सत्यनारायण गोयन्का**

“सत्कर्म गर्नु नै सद्धर्म हो, दुष्कर्म गर्नु नै अधर्म हो ।” यो कथनलाई केवल उपदेश सुनेर बुद्धिद्वारा स्वीकार गरेर रहनु अथवा जसले उपदेश दिएको हो उनको प्रति अत्यन्त गहन श्रद्धा भएको कारणले श्रद्धा पूर्वक मात्र स्वीकार गरेर काम बन्दैन । यस सत्यलाई आफू भित्र, शरीर र मनको सारा प्रपञ्चलाई आफ्नो अनुभवद्वारा थाहा पाउन सक्यो भने कर्मको फल कसरी आउँछ भन्ने कुरा बुझ्न थाल्छ । जस्तो कर्म गऱ्यो त्यस्तै फल आउँछ भन्ने बुझ्दछ । अनुभवद्वारा थाहा पायो भने धारण गर्नु सजिलो हुन्छ । अन्यथा जीवन भरि नै तर्क-वितर्क, वाद-विवाद गरेर नै जीवन सकिन्छ । त्यसैले आफू भित्रको सत्यको दर्शन गर्नुपर्छ, प्रकृतिको नियमलाई बुझ्नुपर्छ, विश्वको नियमलाई दर्शन गर्नुपर्छ, धर्मको नियमलाई दर्शन गर्नुपर्छ । सिद्धार्थ गौतमले सम्यक सम्बुद्ध हुनुभन्दा अघि अन्य दुईजना आचार्यहरू समक्ष उच्च तहसम्मको ध्यान सिकिसकेका थिए । त्यस समयमा भारतमा सबैभन्दा माथिल्लो तहको मानिने सातौं ध्यान र त्यसभन्दा पनि माथिल्लो मानिने आठौं ध्यान पनि उनले सिकिसकेका थिए । यस ध्यानको समाधिमा पुग्दा मनमा विचार आउँदैन, कल्पना आउँदैन, एकदम शान्त हुन्छ । जस्तो कि पोखरी वा तालको पिंधको पानी अत्यन्त शान्त हुन्छ, बिल्कुल हलन चलन हुँदैन, एकदम शान्त हुन्छ, निश्चल हुन्छ । यस्तो अवस्थामा पानीमा भएको मैलोहरू थिग्रिएर विस्तारै पिंधमा जम्मा हुन थाल्छ । पानी एकदम स्वच्छ, निर्मल देखिन थाल्छ मानौं पानीमा कत्ति पनि फोहोर छैन, मैलो छैन । वास्तवमा त मैलो हटेको छैन, पिंधमा गएर थन्किएको छ । मैलो निस्किएको छैन । दमन मात्र भएको हो शमन भएको छैन । यस सत्यलाई जब सिद्धार्थ कुमारले आफ्नो अनुभवले थाहा पाए तब बुझे कि– “ध्यानको यस अवस्थासम्म पुग्दा पनि म मुक्त भएको छैन, यो आठौं ध्यान पुग्दासम्म पनि विकारहरू बाँकी नै छन् । जबसम्म विकारका अंशहरू थोरैमात्र पनि अन्तरमनमा जम्मा भएका हुन्छन् तबसम्म म मुक्त भएको छुईन ।”

यसरी खोज्दै-खोज्दै यो विद्यालाई खोजी निकाले । भित्रको सत्य, भित्रको सत्य, भित्रको नियम-कानून, विश्वको विधान, निसर्गको नियम, ऋत, सत्य धर्म प्रकाशित हुन पुग्यो । सबै कुरा स्पष्ट भयो । प्रकृतिको नियम स्पष्ट भयो, सबै कुरा थाहा भयो तब सम्यक सुम्बुद्ध भयो, मुक्त भयो । नितान्त निर्मल भयो । तब आफूले जानेको, सिकेको कुरा सबैलाई बाँडिदिए । पहिलो पटक यो शुद्ध धर्म वितरण गर्दा नै केवल उपदेश दिएर मात्र रहेन, यो विद्या सिकाई दिए । सबैभन्दा पहिले जुन पाँचजना ब्राह्मणहरूलाई धर्मको शिक्षा दिनुभयो, धर्मचक्र प्रवर्तन गर्नुभयो तब केवल कुरा मात्र भन्नु भएन प्रयोग गराउनु भयो, अभ्यास गराउनु भयो । यसरी-यसरी अभ्यास गर्नु भन्नुभयो, केवल सिद्धान्तका कुरामात्र भन्नुभएन । ती पाँच जना ब्राह्मणहरू अनेक जन्म देखि पाकेका थिए, जसरी सिकाईएको हो त्यसरी अभ्यास गर्दा शुद्ध भए, बुद्ध भए । यस विद्या अपनाएर भवमुक्त भए । केवल उपदेश सुनेर केही हुँदैन, उपदेश त दिनहुँ सुनिन्छ, सबै भन्ने गर्छन् कि कर्म नै मुख्य हो, कर्म नै प्रधान हो । जस्तो कर्म गर्छ, त्यस्तै फल प्राप्त हुन्छ । तर जब यो कुरालाई आफू भित्र हेरेर अनुभवद्वारा थाहा पायो नि तब यति स्पष्ट भयो, यति बुझियो कि अब बुझ्नुपर्ने केही बाँकी रहेन । विपश्यना गर्नेले पनि यही सिक्दछ । सबै कुरा बुझ्नको लागि केही समय लाग्छ तर बाटो उही हो । अगाडि बढ्दै जाँदा खुलस्त हुँदै जान्छ, केही सुल्झाउनु पर्ने बाँकी नै हुँदैन ।

जस्तो कर्म गऱ्यो त्यस्तै फल पाउँछ । त्यसो भए कस्तो कर्म गर्ने त ? कर्म तीन प्रकारका छन् । एउटा कायिक कर्म अर्थात् शरीरद्वारा गरिने कर्म । अर्को वाचिक कर्म अर्थात् वचनद्वारा गरिने कर्म । अर्को चैतसिक कर्म

अर्थात् मनद्वारा गरिने कर्म । तब कुन चाहिं कर्म गर्ने ? जन साधारणमा एउटा गलत मान्यता चलिआएको छ कि जुन शरीरिक कर्म हो त्यही प्रमुख कर्म हो । वचनद्वारा गरिने कर्म त्यो भन्दा हलुको हो र मनको कर्म त त्यो भन्दा नि हलुको, त्यो त कर्म नै होईन । मनमा भनेको त कुराहरू आईरहन्छ, गईरहन्छ, त्यो त कर्म नै होईन । शरीरको कर्म नै प्रमुख हो । तर अन्तरमुखी भएर हेर्न थाल्यो भने स्पष्ट हुन थाल्छ कि मनको कर्म प्रमुख कर्म हो । शरीर र वचनको कर्म त प्रमुख कर्म होईन । मनको कर्मले नै बीउ बन्छ, त्यसैबाट फल दिन्छ । वचनको कर्मले फल दिंदैन, शरीरको कर्मले पनि फल दिंदैन । बीउ त मनको कर्मले दिन्छ । आखिर वचनको कर्म भनेको के हो ? आखिर शरीरको कर्म भनेको के हो ? यी त मनको कर्मका बाह्य स्वरूप मात्र हुन् । पहिला मनमा कर्म बन्दछ । तब त्यो प्रबल हुँदै-हुँदै वचनको रूपमा बाहिर प्रकट हुन्छ । अझ प्रबल भयो भने शरीरमा प्रकट हुन थाल्छ । मुख्य जरा त मनमा हुने भयो । त्यसैले कर्म त मनमा पहिला शुरू हुन्छ । वचनबाट हुने प्रत्येक कर्म र शरीरबाट हुने प्रत्येक कर्म मनबाट हुने कर्मको सन्तान हुन् । त्यसैले मनको कर्म नै प्रमुख कर्म हो ।

एउटा उदाहरणद्वारा बुझौं– भनौं कोही व्यक्तिसंग मेरो सम्वन्ध बिग्रीएको छ । उनलाई देख्ने बित्तिकै मनले काम गर्न शुरू गर्छ । मनमा ऊ प्रति रीस उठ्न थाल्छ, द्वेष जाग्छ, दुर्भावना उत्पन्न हुन्छ । बढ्दै-बढ्दै गएपछि बोल्न थालिन्छ, उसलाई गाली दिन्छ, अपमान गरिन्छ । वाणीद्वारा दुष्कर्म गरियो । त्यस्तै मनको कर्मले उग्र रूप लिंदै-लिंदै शरीरमा ब्यक्त हुन थाल्छ, हात-पात हुन्छ, साथमा लट्ठी, पिस्तोल, बन्दुक छ भने हिर्काउँछ, हान्छ । शायद उसको हत्या पनि हुन सक्छ । शरीरद्वारा दुष्कर्म हुन पुग्छ । यो वचनद्वारा गरिने दुष्कर्म, शरीरद्वारा गरिने दुष्कर्म आखिरमा के हो त ? यी त मनद्वारा गरिने दुष्कर्मको बाहिरी प्रकटीकरण मात्र हो । मनको दुष्कर्मका सन्तान हुन् । जरो त मन नै हो ।

दष्कर्म जस्तै सत्कर्म पनि त्यस्तै हो । कोही दुःखी व्यक्तिलाई देखेपछि मनले काम गर्न थाल्छ । उनी प्रति बडो दया जाग्छ । करूणा जाग्छ । यो प्रबल हुँदै-हुँदै वाणीमा प्रकट हुन्छ । उनलाई केही सान्त्वनाका शब्दहरू भन्न थाल्छन्, मायाका शब्दहरू भन्न थाल्छन् । वाणीद्वारा केही सत्कर्म हुन पुग्यो । त्यस्तै मनको सत्कर्म तेज हुँदै-हुँदै शरीरमा व्यक्त हुन थाल्छ, उसलाई सहायता गर्न पुग्छ । आफूसंग भएको सामान दिईन्छ, दान दिईन्छ । शरीरद्वारा सत्कर्म गरियो । यी वाणीका सत्कर्म, शरीरका सत्कर्म पनि मनको सत्कर्मको नै सन्तान हुन् । त्यसैले मनको कर्म नै मुख्य हो । सत्कर्म होस् अथवा दुष्कर्म होस् हामीलाई त मनको कर्ममा पहरा लगाउनु छ । यदि मनको कर्म प्रति सजग हुन थालियो भने वाणीद्वारा दुष्कर्म हुन नै पाउँदैन । सजग छ भने दुष्कर्म कसरी गर्न पुग्छ ? वाणीद्वारा वा शरीरद्वारा दुष्कर्म कसरी गर्छ ? फेरि विपश्यना गर्दै-गर्दै विकारका जराहरू निस्किन थाल्यो भने त मन निर्मल हुन पुग्छ । तब त सत्कर्म नै सत्कर्म मात्र गर्दछ । किनकि मन निर्मल भईसकेको छ नि । तब जुनसुकै काम गरे ता पनि सत्कर्म नै सत्कर्म हुन्छ । राम्रो काम नै राम्रो काम हुन्छ । निर्मल नै निर्मल हुन्छ । प्रकृतिले जुन दण्ड दिन्छ, जुन फल दिन्छ ती मनको कर्मको लागि नै दिईन्छ । वचनको कर्म र शरीरको कर्मका लागि होईन । प्रकृतिले मनको कर्मलाई हेर्दछ । चित्तको चेतना कस्तो छ ? चित्तको जस्तो चेतना छ त्यस्तै प्रकारको फल पाउँदछ ।

एउटा अर्को उदाहरणद्वारा बुझौं । एकजना ब्यापारी जङ्गलबाट यात्रा गर्दै थिए । ऊसंग धन र सामानहरू थुप्रै थिए । त्यसै समय डाँकूहरू आए । डाँकूले सामान, धन आदि मागे तर ती धनी ब्यापारीले दिएन, सजिलै आफ्नो सम्पत्ति कसले पो दिन्छ र ? ती डाँकूहरूलाई जसरी पनि सम्पत्ति हडप्नु थियो, रीसले चक्कुद्वारा पेटमा घोचिदियो, संयोगबश ती ब्यापारीको मृत्यु भयो । यो एउटा घटना भयो ।

त्यस्तै अर्को घटना– एकजना मान्छे एकदम बिरामी थियो । पेटमा दुःखाई थियो । अनेक उपचार गरेर हेरिसक्यो तर रोग पत्ता लागेन । पछि थाहा भयो कि पेटमा ट्यूमर छ । यसको लागि त अपरेशन गर्नुपर्छ, शायद यसलाई निकाल्यो भने ठीक हुन्छ कि ? अब बिरामीले त जसरी पनि बचाई दिन प्रार्थना गर्ने नै भयो । यो जसरी भए पनि निकालीदिनु, मलाई बचाईदिनु, यो दुःखाई म सहन सक्दिन । कुरा ठीकै हो, डाक्टरले अपरेशन गर्न लान्छ र अपरेशन गर्छ । अपरेशन गर्दा चक्कुले पेट काट्छ तर संयोगबश ती ब्यक्तिको मृत्यु भयो ।

ती डाँकूले र यी डाक्टर दुबैले शरीरद्वारा एकै प्रकारको कर्म गरेको हो । दुबैले चक्कूद्वारा पेटमा घोचेको हो र परिणाम स्वरुप दुबैको मृत्यु भएको हो । घटना एउटै प्रकारको छ । तर के यो प्रकृति, यो निसर्ग अथवा भनौं यो ईश्वर, परमात्मा, अल्लाह - ताला, भगवानले यी दुईलाई एकै प्रकारको दण्ड दिन्छ ? कहिले पनि यस्तो समान हुँदैन । चित्तको चेतना कस्तो छ ? ती डाँकूको चित्तको चेतना क्रोधले भरिएको थियो, द्वेषले भरिएको थियो, दुर्भावनाले भरिएको थियो । तर ती डाक्टरको चेतना स्नेहले भरिएको थियो, सद्भावनाले भरिएको थियो, सेवा-भावले भरिएको थियो, चित्तको जस्तो चेतना हो फल पनि त्यस्तै आउँछ । वाणीको कर्म अनुसार फल आउने होईन, शरीरको कर्म अनुसार फल आउने होईन । चित्तको चेतना कस्तो छ ?

एउटा अर्को उदाहरण– वाणीको कर्मलाई हेरौं । कोही व्यक्तिसँग मेरो राम्रो सम्वन्ध छैन । जब-जब उनलाई देख्छु तब क्रोध आउँछ, रीस आउँछ । खूब दुर्भावना आउँछ, गाली दिन थाल्छु– "बदमाश, चोर, गधा" । एउटा घटना भयो । केही क्षण पछि मेरो छोरो बाहिर धूलो-माटोमा खेलेर आयो, फोहोरमा खेलेर आयो । लुगा फोहोर पारेर आयो, यस्तो देखेर मलाई रीस उठ्छ र गाली गर्छु कि– "बदमाश, चोर, गधा" शब्द त्यही हुन् । पहिलो पटक गाली दिंदा चित्तको चेतना कस्तो थियो ? द्वेषले भरिएको दुर्भावनाले भरिएको थियो भने पछिल्लो पटक छोरोलाई गाली दिंदा स्नेहले भरिएको थियो, सद्भावनाले भरिएको थियो । प्रकृतिले चित्तको चेतनालाई हेर्दछ ।

चित्तको चेतना कस्तो छ ? प्रकृतिको सारा रहस्यलाई बुझेर, निसर्गको सारा नियमहरूलाई बुझेर, धर्मका सारा विधानलाई थाहापाएर उहाँले जो सम्यक सम्बुद्ध हुनुहुन्छ, यो घोषणा गर्नुभयो कि **चेतनाहं कम्मंवदामि, भिक्खवे** ! – चित्तको चेतनालाई नै म कर्म भन्दछु । प्रत्येक विपश्यी साधकहरू अन्तरमुखी भएर यसै सत्यलाई जान्ने प्रयास गर्दछन् । चित्तको चेतना त कर्म हुन् नि । जस्तो चित्तको चेतना त्यस्तै बीउ रोप्ने हो । बीउ रोप्दा जस्तो अनुभव हुन्छ फल आउँदा नि त्यस्तै अनुभव हुन्छ । यस कुरालाई राम्ररी बुझ्दै जानेछ, स्पष्ट बुझिंदै जानेछ । चित्तको चेतना नै प्रमुख हो भने त्यसैको प्रति सजग हुनु पर्‍यो । वाणीको कर्म र शरीरको कर्म प्रति सजग हुनु पनि नराम्रो होईन । तर मुख्यतः मनको कर्म प्रति पहरा दिनुपर्‍यो । मन नै प्रमुख हो । मन नै प्रधान हो । यसलाई ती सर्वज्ञ महापुरुषले यसरी घोषणा गर्नु भएको छ–

**मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।**

"**मनोपुब्बङ्गमा धम्मा**" जति पनि धर्म (कर्म) गरिन्छ, ती पहिला मनमा जाग्दछ । कुनै पनि कर्म पहिला मनमा उत्पन्न हुन्छ । त्यसैले "**मनोसेट्ठा, मनोमया**" मन नै श्रेष्ठ हो, मन नै प्रमुख हो, मन नै प्रधान हो । जे जति हामी संसारमा देख्छौं, भोग गर्छौं सुख वा दुःख ती साराका सारा '**मनोमय**' हुन् । मनको नै परिणाम हुन् । यी अनुभूतिका वाक्य हुन् । यो कुरा जो सुकैले पनि अनुभव गर्न सक्छन् । अन्तरमुखी भएर आफ्नो शरीर भित्र स्थित रहेर सत्यको दर्शन गर्न थालियो भने रहस्य खुल्दै जानेछ, आफै प्रकट हुँदै जानेछ ।

**मनसा च पदुट्ठेन भासति वा करोति वा ।**

प्रदुष्ट मनद्वारा, मैलो चित्त द्वारा यदि कुनै काम वाणीले अथवा शरीरले गर्‍यो भने त्यो गलत हुन जान्छ । किनकि यहाँ आधार नै गलत भएको छ, प्रदुष्ट भएको छ तब

**ततो नं दुक्खमन्वेति चक्कं व वहतो पदं ।**

उनलाई दुःखले यसरी पछ्याउँछ कि जस्तो बैल गाडीलाई चक्का अर्थात् पाङ्ग्राले पछ्याईरहेको हुन्छ । गोरु जहाँ गए पनि त्यसको पछि पाङ्ग्रा आईरहेको हुन्छ किनकि पाङ्ग्रा उनको साथमा बाँधिएको हुन्छ । किनकि मन मैलो थियो नि त । मैलो मनले दुष्कर्म गरे पछि दुःख पछि लागिहाल्छ । जहाँसुकै जाउन्, यस देशमा जाऊ कि त्यस देशमा जाऊ, यस लोकमा जाऊ कि त्यस लोकमा, दुःखले पछ्याउन छोड्दैन । ठीक यस्तै प्रकारले–

**मनसा च पसन्नेन भासति वा करोति वा**

प्रसन्न चित्तले अर्थात् निर्मल, शुद्ध चित्तद्वारा वाणीको कर्म, शरीरको कर्म गर्‍यो भने–

**ततो नं सुखमन्वेति छाया व अनपायिनी**

- उसलाई सुखले यसरी पछ्याउँछ कि जस्तो छायाँले पछ्याउँछ । जहाँ गए पनि छाँया पछि-पछि लागेको हुन्छ । किनकि आधार नै शुद्धताको छ नि । निर्मल चित्तद्वारा जुन काम गरिन्छ त्यसको फल त सुखद् आउँछ

नै । अहिले पनि आउँछ भविष्यमा पनि आउँछ ।

**इध नन्दति पेच्च नन्दति, क त पुञ्ञो उभयत्थ नन्दति**

यहाँ पनि आनन्दित हुन्छ, बडो सुख प्राप्त हुन्छ र पछि पनि आनन्द नै आनन्द, सुख नै सुख हुन्छ ।

**इध तप्पति पेच्च तप्पति, पापकारी उभयत्थ तप्पति**


मन मैलो गर्नुलाई नै पापकर्म गर्नु भनिन्छ । जसले पाप कर्म गर्दछ, ऊ यहाँ पनि संतापित हुन्छ र पछि गएर पनि संतापित नै हुन्छ । उनको लागि सन्तापले कहिले पनि छोड्दैन, सँधै दुःख नै दुःख ।

यी कुराहरू अन्धविश्वासले मान्ने होईन, आफ्नो अनुभवले थाहा पाउने कुरा हो । यो दुःख मेरो पछि किन लाग्यो ? किन पछि लाग्यो ? गहिराईमा गएर हेरियो भने थाहा हुन्छ कि चित्तको कर्मको शुरु कसरी भयो ? त्यस समयको भाषामा एउटा शब्द थियो, आजकल त्यति प्रचलित छैन । त्यसलाई 'नति' भनिन्थ्यो । 'नति' को अर्थ झुकाव हो । हाम्रो अन्तरमनको झुकाव कता पट्टी छ ? कुनै घटना घट्यो र शरीरमा एक प्रकारको सम्वेदना हुन थाल्छ – सुखद हुन्छ अथवा दुःखद हुन्छ । यो चित्तको झुकाव भयो, नति भयो । कता तर्फ झुक्यो ? यदि गलत तर्फ भयो भने अवनति भयो । सही तर्फ भयो भने उन्नति भयो । गलत तर्फ भयो भने दुर्गति भयो । सही तर्फ भयो भने सद्गति भयो । जस्तो नति त्यस्तै गति । कता पट्टी झुकेको छ ? यसतर्फ झुकाव बनाएको छ, पटक-पटक यसैतर्फ झुकाव छ भने त्यो स्वभाव बन्न पुग्छ । एउटा विहेवियर पाटर्न बन्दछ । मनको हैबिट - पाटर्न बन्छ । अप्रिय घटना घटेको छ भने क्रोध आउँछ नति - झुकाव अवनति तर्फ भयो, दुर्गतिपूर्ण हुन्छ । यसरी हुँदा-हुँदा त्यसको स्वभाव बन्न पुग्छ । फेरि क्रोध आयो नति अवनति तर्फ नै हुन्छ र यसरी हुँदा-हुँदा स्वभाव बन्दछ । जीवनमा पटक-पटक मन नपर्ने घटना घट्छ, नति जाग्छ र अवनतितर्फ नै जाग्छ । क्रोध जाग्छ, द्वेष जाग्छ, दुर्भावना जाग्छ । जब-जब नति जाग्छ तब अवनति तर्फ नै जाग्छ । यसको फल दुर्गति नै हुन्छ । फेरि क्रोध जाग्छ, दुर्भावना जाग्छ, पहिलो शिकार त आफै हुने भयो । क्रोध हुने बित्तिकै संतापित हुन पुग्छ यति संतापित हुन पुग्छ कि भित्र हेर्ने काम बन्द हुन्छ । यहाँनिर नै भूल भयो । यो कल्याणकारी विद्या हराएको कारण हामीहरूलाई अब समस्या पर्न थाल्यो कि धर्म के हो ? कसरी त्यसलाई धारण गर्ने ? भित्रबाट कसरी थाहा पाउने ? कोही ब्यक्तिमा क्रोध आएको छ, जुन ब्यक्ति माथि, जुन वस्तु माथि क्रोध आएको हो, मनमा पटक-पटक त्यही कुराको सम्झना आईरहन्छ कि– उसले यस्तो भनेको थियो, उसले यस्तो गरेको थियो । क्रोध बल्न थाल्छ, झन बल्न थाल्छ । आफू भित्र के भईरहेको छ हेर्नु नै बिर्सिन्छ । हेर्न नै जानेन । हेर्न जान्नु पनि कसरी कि विद्या नै लुप्त भईसकेको थियो । अब यसलाई हेर्न थाल्ने । जब रीस उठ्छ तब त्यसको साथ-साथै गर्मी हुन्छ, संताप हुन्छ । यही नै बीउ हो । यही दुःखको बिऊ हो र पटक-पटक त्यसलाई स्वभाव बनाउँदै गईन्छ तब दुःख नै दुःख, दुःख नै दुःख, दुःख नै दुःख बन्दछ । यसले त पछ्याउँछ । गाडीको पाङ्ग्रा पछि लाग्यो नि त । किनकि त्यो गोरु र गाडी त सँगै बाँधिएको छ । हाम्रो मन पनि त्यही स्वभाव सँगै बाँधिएको छ । पटक-पटक दुष्कर्म गर्दछ फलस्वरूप क्रोध जाग्दछ । पटक-पटक क्रोध आयो भने पटक-पटक दुःख, पटक-पटक दुःख हुन्छ, दुःखै दुःख हुन्छ । जस्तो बीउ जति दुःखदायी हुन्छ त्यसको फल पनि त्यति नै दुःखदायी नै हुन्छ ।

त्यसैगरी मन निर्मल भयो भने मनमा माया-प्रेमले भरेको छ, मैत्रीले भरेको छ, करुणाले भरेको छ भने सद्गति हुने भयो । तब त भित्र शान्ति महसूस हुन्छ । यही बीउ बन्दछ त शान्तिको बीउ बन्यो । जब यसबाट फल आउँछ तब सुखद् नै आउँछ । अब यो सुखद हुने स्वभाव नै बन्दछ । जहाँ हेर्‍यो सुखद्, सद्भाव आउँछ, भित्र सुख महसूस हुन्छ फेरि सद्भाव जाग्छ यसको फल फेरि सुखद् नै आउँछ । तब त सुख छाँया झैं पछि लाग्दछ । यही प्रकृतिको नियम हो । यो कुरालाई साधकले जति छिटो बुझ्यो, जति छिटो अनुभवद्वारा बुझ्न सक्यो जीवनमा यो कुरा त्यति छिटो लागु गर्न सक्छ तब सद्धर्मको मार्गमा अघि बढ्छ । यो त सत्य हो यसैको सहारामा अघि बढ्छ । मङ्गल नै मङ्गल हुन्छ, कल्याण नै कल्याण हुन्छ । सद्धर्मको मार्गमा जो हिंड्छ उसको मङ्गल नै मङ्गल हुन्छ । उसको कल्याण नै कल्याण हुन्छ । उसको मुक्ति नै मुक्ति हुन्छ ।

*साभार- हिन्दी 'विपश्यना' पत्रिका कार्तिक पूर्णिमा, २००१*






# छैठौं संघनायक भन्ते अश्वघोष

✍ तीर्थराज बज्राचार्य

नेपालको छैठौं संघनायक अश्वघोष भन्ते बौद्ध शासनिक इतिहासको एक अद्वितीय ताराको रुपमा चम्किनुभयो। भौतिक रुपमा वहाँ बिलाउनु भयो। तर बौद्ध जगतमा वहाँको छाप अविस्मरणीय रह्यो। अतः वहाँको सम्झनामा केही श्रद्धासुमन चढाउन मन प्रेरित भयो। नेपालीहरू माझ चीरपरिचित नाम अश्वघोष महास्थविर धार्मिक क्षेत्रमा मात्र हैन सामाजिक, राजनीतिक र अन्तर्राष्ट्रिय रुपमै लोकप्रिय रह्यो।

**भक्तपुरमा अश्वघोष :**

२०४२ सालमा बौद्ध संघ भक्तपुरद्वारा युवा वर्गमा बुद्धशिक्षा सम्बन्धी अध्ययन र जागरणको लागि आयोजना भएको पाक्षिक कार्यक्रममा मंगलको विषयमा लिनुभएको क्लास भक्तपुरका युवाहरूका लागि कोशेढुंगा साबित भयो। त्यसैले होला वहाँको देहावशान पछि त्यसको महत्व झन् बढ्यो। किनभने उक्त क्लासपछि भक्तपुरका युवाहरू बुद्धशिक्षाबाट धेरै प्रभावित भएको देखिन्छ। सहभागीको रुपमा मेरो आफ्नो पनि अनुभव त्यस्तै हो। त्यही प्रभावबाट केही सहभागी युवाहरू भक्तपुरमा बुद्धधर्म प्रचारको लागि एउटा बौद्ध संस्था खोल्नुपर्ने निष्कर्षमा पुगे। फलस्वरुप २०४३ साल पौष ७ गते युवा बौद्ध पुचः स्थापना भएको थियो। अहिलेसम्म युवा बौद्ध पुचःले बौद्ध जागरण शिविर, स्वास्थ्य शिविर, आँखादान, रक्तदान, बाढीपिडितहरूलाई सहयोग, पञ्चदानमा पञ्चशील अभियान, झाँकी प्रदर्शनी, धर्मनिरपेक्ष जागरण आदि रचनात्मक कार्यक्रमहरू गरेको छ,जो अत्यन्त प्रशंसनीय छ। यसै सन्दर्भमा अश्वघोष

भन्तेको क्लासबाट प्रेरित भएर २०५३ साल फागुन २५ गते मैत्रेय युवा संघको पनि स्थापना भयो । स्थापनाकाल देखि नै परियत्ति शिक्षामा जोड दिनुका साथै मैत्रेय युवा संघले व्यक्तित्व विकासको लागि वक्तृत्वकला, हाजिरीजवाफ, चित्रकला, निबन्धलेखन, उद्‌घोषण तालिम, आधारभूत शिक्षाको कक्षा सञ्चालन, अध्ययन अनुसन्धान तालिम, भक्तपुरको बहाबही ग्रन्थ प्रकाशन, शैक्षिक भ्रमण, फोटो प्रदर्शनी, स्वास्थ्य शिवीर, चैत्य जिर्णोद्वार लगाएत विभिन्न सेमिनारमा सहभागी हुँदै आएको छ । बौद्ध संघ भक्तपुरबाट सञ्चालन भएको अश्वघोष भन्तेको क्लासबाट आज हामी यहाँसम्म पुग्न सक्षम भएका छौं ।

**गुरुको रुपमा अश्वघोष :**

अश्वघोष भन्तेले जुनसुकै ठाउँमा प्रवचन दिएपनि, क्लास लिएपनि विद्यार्थी, युवा, प्रौढहरूलाई पनि लक्षित गरी सबैले बुझ्ने गरी सरल भाषाबाट उपदेश दिनुहुन्थ्यो । अतः वहाँको उपदेश सुन्ने व्यक्तिहरू धैरै परिवर्तन हुँदै आएको कुरा विभिन्न किताब पढ्दा थाहा पाउन सकिन्छ । साथै वहाँले आफूलाई दान दिएको रकम, राष्ट्रिय सभामा सांसद भएको बेलामा तलबभत्ता स्वरुप आएको पैसा बुद्धधर्म विकास गर्ने बौद्ध संघ संस्थालाई सहयोग तथा बौद्ध किताव प्रकाशनमा खर्च गर्नुहुन्थ्यो । अश्वघोष भन्तेको सम्पर्कमा आउने व्यक्ति, वहाँको उपदेश सुन्ने बिहारका उपासक उपासिकाहरू, विद्यार्थीहरू मध्ये वहाँलाई धैरैजसोले गुरुको रुपमा सन्मान गर्दै आएको छ ।

**गुरुदक्षिणा :**


अश्वघोष भन्तेको क्लासबाट आफूलाई पनि धैरै प्रभाव पर्यो । वहाँले क्लास लिने क्रममा युवा वर्गले चाह्यो भने राम्रो काम जे पनि गर्न सक्छ भन्ने कुराले मेरो मनलाई छुनपुग्यो । म जुनसुकै काम पनि व्यक्तिगत तर्फबाट मात्र हैन संस्थागत तर्फबाट पनि गर्दै आइरहेको र साथीभाई, श्रद्धालु दाता तथा आफन्तहरूको सद्‌भावले सफल पनि हुँदै आएको छु । त्यसैले मैले वहाँलाई गुरुको रुपमा मनमा राख्दै आएको छु। गुरुको रुपमा मान्दै आएको हुनाले वहाँ भन्तेलाई गुरुदक्षिणा दिने इच्छा पनि जाग्यो । अतः २०७१ साल श्रावण १० गते मैत्रेय युवा संघबाट मैत्रेय स्मारिका विमोचन कार्यक्रममा आफ्नो तर्फबाट श्रद्धेय गुरु अश्वघोष महास्थविरलाई हृदयदेखि वन्दना गरी चीवर दान दिएको थिएँ । चीवर दान गरेपछि मात्र मन हलुका र शान्तिको अनुभूति भयो ।


**शोक र निर्वाणकामना :**

श्रद्धेय अश्वघोष भन्ते राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा ख्यातिप्राप्त व्यक्ति हुनुहुन्छ। वहाँलाई देश विदेशबाट र नेपालको विभिन्न संघसंस्थाबाट पनि सम्मान प्रदान गरिएको छ। नेपालको छैठौं संघनायक भिक्षु अश्वघोष महास्थवीर नेपालका विभिन्न ठाउँमा गई बुद्धशिक्षा प्रचार प्रसार गर्दै आउनुभएका वहुआयामिक व्यक्ति श्रद्धेय भिक्षु अश्वघोष महास्थविर २०७५ चैत्र २२ गते ९३ वर्षको उमेरमा तोखाको ग्राण्डि अस्पतालमा निधन भयो। वहाँको निधनले बुद्धधर्मप्रति आस्थावान् व्यक्ति, संस्था शोकमा डुबेको छ नै । तापनि वहाँले दिनुभएको उपदेशलाई हृदयङ्गम गरी अघि बढ्नु पर्ने आजको आवश्यकता पनि देखिन्छ। वहाँको गुणानुस्मरणको साथै निर्वाणकामना सहित म र मैत्रेय युवा संघ परिवारबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।


## भिंका च्वना

**धर्मकीर्ति लय्‌पौ वर्ष ३९, अङ्क १२, बु.सं. २५६५ फागु पुन्हि पेज ल्याः ९ स. पिदंगु लसकुस च्वचू शिर्षकय् उल्लेख जुयाच्वंगु "धर्मकीर्ति संरक्षण कोषया सचिव प्रफुल्ल कमल ताम्राकार" ज्वीमाःथाय् अन्यथा जुयाच्वंगु दु । पाठक वर्गपिसं थुकीयात भिंकाः ब्वनादी धकाः मनंतुंसे द्वंगुलिं क्षमा फ्वनाच्वना । – सम्पादक**





# श्रद्धाया निफ्वः स्वां



श्रद्धाकमल ताम्राकार

***तसकं हनबहःपिं श्रद्धेय अश्वघोष भन्ते व मां गुणवती गुरुमांयात लुमंकाः छत्वाःचा लुमंगु व वसपोलपिंपाखें सयेका सीका कयागु ज्ञान, गुण, संस्कार व कलायात थन छत्वाःचा न्ह्यथने त्यना - श्रद्धाया निफ्वः स्वां देछासे !***

जि अबलय् मचा हे तिनि। अथेहे च्यादँगुदँया उमेरय् जुइमाः। उगु इलय् बुद्धधर्म प्रचार यायेगु सयेके सीकेगु ज्याय् हनेबहःम्ह धम्मवती गुरुमां लिसेलिसें जिमि ताकेहेँपिं लिसे चिकुलाया ई मिनपचासया बिदाय् त्रिशुली विहारय् थ्यन। उगु इलय् श्रद्धेय अश्वघोष भन्ते अनया विहारय् च्वना बिज्याःगु जुयाच्वन। अबलय् भन्तेनाप च्यान्हु झिन्हु च्वनाः बुद्धधर्म सम्बन्धी बाखं न्यनेगु ह्वःताः चूलात। ज्ञान गुणया खँ न्यने खन। लिसेलिसें त्रिशुलीया धर्मरत्न दाई नं न्ह्याबलें न्हिनय् न्हिनय् बुद्धभजन हालेत नं अवसर बियादिल। सःसां मसःसां तता केहेँपिं लिसे वयकलं चिनादीगु विश्वय् बुद्धया झण्डा धाःगु म्येनं हालेसल।

बौद्ध अध्ययन गोष्ठी स्वनेगु भ्वलय् जि नं तता केहेँपि सकलें दुजःजुया। भन्तेपाखें लेख च्वयेगु, माइकया न्ह्योने दनाः नवायेगु ज्या नं सयेका कया। वाःवाः पतिकं अध्ययन गोष्ठीया कक्षा जुइगु इलय् लेख च्वयेगु, व्यवहारीक धर्मया छलफल लिसें मेमेगु यक्व ज्ञान गुणया खँ नं न्येनाः सयेकेगु ह्वताचुलाःगु खः।

लिपा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया थीथी थासय् वनाः बुद्धधर्म प्रचार याःवनेगु भ्वलय् वसपोल भन्ते लिसे नारायणघाट, लुम्बिनी, पाल्पा, रामग्राम, पोखरा, कपिलवस्तु आदि बौद्ध स्थलय् नं थ्यन। न्हापान्हापा काचाक्क छ्यैंनं पिहाँ वनेगु उलि अवसर मदु। उकिसं उगु इलय् आर्थिक अवस्था नं उलिबांला मजू। अथे खःसां ध्यबानं यक्वपुले म्वाः उकिसनं गुरुमां, भन्तेपिं नाप वनेगु धालकि मांबाःपिसं अःपुक हे स्वीकृति ब्यू। ध्यबा नं नीतका स्वीतका स्वयाः अप्वःम्वाः। बसया खर्च भचाभचातयां गाः। लिसें भोजन नं विहार विहारय् जुइगु जुल।

अश्वघोष भन्तेया लिसेलिसें मां गुणवती गुरुमांपाखें नं यक्व सयेका कयागु दु। वसपोल तसकं भिंम्ह, करुणावानम्ह गुरुमां धकाः सकसियां म्हस्यू। जिपिं मचाबलय् विहारय् वनेबलय् दराज चायेकाः बिस्कुट, चकलेट, बर्मिज पाउँ, पाचः ल्हाजायेक बियाबिज्याइगु आतकं झल्झल् लुमंनि।

अथेहे गुरुमांलिसे जिपिं झिंनिम्ह तताकेहेँपिं ऋषिणी जुइगु ज्याभ्वलय् अश्वघोष भन्तेयागु भोंतया ध्यानकुटि विहारय् १२ दिं च्वनावयागु। व इलय् मां गुणवती गुरुमां नं बर्मिज रिसिपि (Recipe) छ्येलाः तसकं हे साक्क भोजनया थीथी परिकार दयेका बिज्याइ। व भोजनया सवाः आतक म्हुतुइ थानाच्वंगु दनि। वसपोलपाखे पाक कलाया ज्यानं सयेका कया। आतकं मां गुणवती गुरुमांया तरकारी धकाः ज्वरय् यानानि।

गुरुमां तसकं तसकं हे ज्या सः। मेगु छता वसपोलपाखें सयेका कयागु खः भ्वंया स्वां दय्केगु व थीथी रंग छ्यलाः (Fabric Paint) रेबल पोष्ट दयेकेगु खः। गुगु शिक्षाजिं वसपोलपाखें कयागु व सयेकागु कला थौं नं मस्तय्त नं स्यनेगु अवसर प्राप्त जुयाच्वंगु दु।

धाइनापं सी क्यातुनि बलय् बाना तयेमाः। अथेहे धयाथें जि मचाबलय् क्यातुनि बलय् अश्वघोष भन्तेनं व्यवहार बांलाकेगु बौद्ध शिक्षा बियाबिज्यात। उकिं जितःतसकं तसकं हे गुहाली जूगु थौं जीवनया पलाःपतिकं चायेका च्वना। वथेंहे तुं करुणाया खानी जूम्ह मां गुण गुरुमांया करुणामयी व्यवहार मचाबलय् खन। अथेहे मां गुण गुरुमां थें जुइ फयेकेमाः धकाःथौं थःत न्वानाच्वना। मचाबलय्यागु क्यातुगु वैशय् जिमि श्रद्धेय गुरु अश्वघोष भन्ते व गुरुमां मां गुण गुरुमांपिसं बियाबिज्याःगु संस्कार, अले कलाकौशल जिगु लागि तःधंगु सर्वय् साबित जूगु दु।

थौं वसपोलपिं निम्हेसितं श्रद्धाया निफ्व स्वां देछायेगु सिबें मेगु मन्त। ■


# धेरैको मन जित्न सफल अश्वघोष भन्ते

✍ प्रेमलक्ष्मी तुलाधर, ङत

पूज्य भिक्षु संघनायक अश्वघोष महास्थविर उहाँ वि.सं. १९८४ साल जेष्ठ ३१ गते सोमवारको दिन ललितपुरको ओकुवहालमा आमा लक्ष्मीमाया शाक्य, बा चन्द्र ज्योति शाक्यको कोखबाट कान्छा सुपुत्रको रुपमा जन्मनु भएको थियो ।

सबैले राम्ररी बुद्ध ज्ञान सिकोस्, आफ्नो जीवनमा उतारोस् ज्ञानयुक्त भएको असल मानिस बनोस्, विद्वान्मात्र होइन भन्ने सिद्धान्त छ उहाँको भनाईमा ।

ज्ञानी मान्छे सधैँ फलयुक्त रुख जस्तै हुनेछ जसमा जहिले पनि झुकिएर सबैलाई तृप्त गराउन सक्ने क्षमता



वसपोल भन्ते सरल, नरम तरिकाबाट सबैले बुझ्ने गरी उपदेश दिनु हुने, बुद्धको उपदेशलाई ब्यवहारिक रुपले आफ्नो जीवनमा उतारेर आफ्नो आचरण स्वभाव, इमान्दारितालाई संगालेर अगाडि जानुपर्छ भन्ने उहाँको मूल उपदेश हो ।

आफू जस्तै अरु पनि त्यस्तै हो । समान ब्यवहार गर्नुपर्छ भन्ने सोंच राखेर पहिला आफ्नो बानी राम्रो पार्नुपर्छ, आफू ढंग हुनुपर्छ, शुद्ध मनले काम गर्नुपर्छ, बोल्नुपर्छ, नैतिकता हुनुपर्छ भनेर सँधै भन्नुहुन्छ ।

उहाँको उपदेशमा छलकपट रहित निर्मलता छ, र ज्ञानको भण्डार लुकेको छ । साथै बोल्ने तरिकामा मिठास छ । मनलाई आनन्दित तुल्याउने शील छ । सुनिरहुँ जस्तो लाग्छ, मन बिभोर गर्ने तरिका छ । त्यो नै ठूलो विशेषता बोकेको छ भन्तेको वचनमा ।

स्वच्छ मन निस्वार्थ भावनाले ओतप्रोत भएको विशेष गुणले भरिएको गुरु हुनुहुन्छ, अभिभावक तुल्य । हुन्छ । त्यस्तै उहाँ पनि सबैलाई बुद्ध शिक्षाबाट तृप्त गराउन सक्ने, गुणीलो भन्ते हुनुहुन्छ । त्यसैले असल मान्छे बन्ने किताब लेख्नु भएर सबैलाई जागृत गराउनु भएको छ । १०० वटा भन्दा बढी ज्ञान बर्द्धक किताबहरू छपाएर निःशुल्क वितरण गर्नु भएको छ उहाँ भन्तेले । उहाँको मुख्य विशेषता वा उद्देश्य भनेको नै समाजमा असल मानिसको उत्पादन गर्नु रहेको देखिन्छ ।

भन्तेले उपदेश दिंदा रिसाउनु हुँदैन रिसले नाश गर्छ भन्नु हुन्छ । तर उहाँ आफूलाई पनि झनक्क रिस उठ्ने बानी छ । तर रिसाउनु हुँदैन भनेर उपदेश दिने म आफैंलाई त्यस्तो बानी भएको कारण लाज पनि लाग्छ भन्नुहुँदै आफ्नो नराम्रो बानीको पनि वर्णन गर्नुहुन्छ । साथै मनमा कुरा लुकाउने वानी छैन । त्यो नै उहाँको विशेष गुण हो । साथै उहाँको विचार अरुको भन्दा अलि फरक किसिमको छ जो बुद्ध गुणले भरिएको छ ।

भन्तेको अर्को विशेषता भनेको समयको एकदम

ख्याल गर्नु हो । हरेक कार्यक्रममा जति बजे उपस्थित हुनुपर्ने हो ठीक समयमा पुग्नु हुन्छ। त्यसैले उहाँ समयमा कार्यक्रम सम्पन्न भयो भने रमाउनु हुन्छ। नत्र भने झोक्किएर भन्नुहुन्छ 'नेपालीहरूको समयको ख्याल नगर्ने बानी नराम्रो बानी हो।' उहाँको सरल र नरम भाषाको लेखाई पाठकवर्गहरू र एकमदम मन छुने बुझिने भएकोले उहाँ भन्तेको लेख सबैलाई पनपर्छ।

पहिले मेरी आमा लक्ष्मी नानी तुलाधरले भन्नुहुन्थ्यो, 'भन्तेले नभनेको जस्तो, नसुनेको जस्तो गरी नरम स्वभावले भित्री मनसम्म बोध हुनेगरी धेरै राम्रो, रमाइलो र हँसिलो पाराले धर्मदेशना गर्नुहुन्छ।'

आमाले भन्नु भएको कुरा केहो केहो थाहा थिएन। कारण म पहिले विहारमा जाने बानी थिएन। म पहिलो पटक विहार गएको बेला भन्तेको उपदेश सुनेको थिएँ। त्यो बेला साँच्चै हो रहेछ भनेर थाहा पाएँ। उहाँले जहिले पनि बुद्धको शिक्षा र व्यवहारिकतालाई प्राथमिकता दिनु हुन्छ। बुद्ध शिक्षालाई व्यवहारिक जीवनमा उतारेर अगाडि बढ्यो भने जीवन सफल हुन्छ भन्ने विषयमा उहाँको प्रवचन केन्द्रित हुने गर्थ्यो। यो नै उहाँको सबभन्दा राम्रो विशेषता हो।

उहाँको प्रवचनबाट व्यवहारिक शिक्षाको महत्व बारे थाहा पाउने मौका मिल्यो। यही नै मेरो जीवनको पहिलो उपलब्धी हो। मेरो मात्र होइन धेरै मानिसहरूको मन जित्न सफल भन्ते हुनुहुन्छ।

मानिस भएर जन्मेपछि केही न केही कीर्ति राख्नु पर्छ भन्ने कुरालाई साकार पार्न भन्तेले निरन्तर रुपमा सबैको कल्याण र उपकार गर्नुहुँदै धार्मिक यात्रा पार गरेर बुद्ध पुत्र हुन सफल हुनुभयो। बृद्ध अवस्थामा समेत उहाँ सक्रिय रुपमा बुद्ध शिक्षालाई आफ्नो सरल भाषामा किताब छपाएर धर्म प्रचारको माध्यम बनाउनु भयो। आफूलाई दानबाट प्राप्त रकम पनि त्यही किताब प्रकाशन कार्यमा खर्च गर्नुभयो। यस्तो निस्वार्थ भाव, सोझोपन, बुद्ध धर्मप्रति समर्पित, उत्साहित गुरुवर भन्ते हामी सबैको लागि उत्प्रेरक हुनुहुन्छ। र आदर गौरव गर्ने योग्य व्यक्तित्व गुरु हुनुहुन्छ।

उहाँ यस भौतिक लोकबाट विलिन भए पनि उहाँले दिनुभएको आदर्शमय शिक्षालाई शिरोपर गरि उहाँले देखाउनु भएको मार्गलाई अनुसरण गर्न सकौं। उहाँ प्रति मेरो हृदय देखि हार्दिक श्रर्द्धासुमन अर्पण गर्दछु। ■

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. ९१७*

**किरण शाक्य**
कुतुवही-७ चाबहि, काठमाडौं
रु. २,०००/-

*क्र.सं. ९१८*


**विमला मानन्धर**
चिकं मुगल, काठमाडौं
रु. २,०००/-

*क्र.सं. ९१९*

**त्रिरत्न मानन्धर**
चसान, काठमाडौं
रु. २,०००/-

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०७८ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | फागुण २६ गते, बिहिवार अष्टमी | वण्णवती | वण्णवती |
| २ | चैत्र १ गते, संक्रान्ति मंगलवार | इन्दावती | इन्दावती |
| ३ | चैत्र ४ गते, फागु पुन्हि शुक्रवार | खेमावती | धम्मवती |
| ४ | चैत्र ११ गते, अष्टमी शुक्रवार | दानवती | दानवती |
| ५ | चैत्र १८ गते, औंशी शुक्रवार | अमता | अमता |



# नेपालका लागि धर्मदूत दो गुणवती गुरुमां

✍ दीना कंसाकार
*'परियत्तिसद्धम्म पालक'*

महामानव गौत्तम बुद्धको जन्मभूमि नेपालमा, बुद्धकालीन समय देखि नै बुद्धधर्म प्रचार प्रसार भइसकेको इतिहासले पुष्टि गर्दछ। समयको परिवर्तन सँगसँगै नेपालको इतिहासमा मल्लकालीन राजा जयस्थिति मल्लको शासनकाल देखि बुद्धधर्मलाई राज्यस्तरबाटै छायामा पारेको इतिहासकारहरू मान्दछन्। अठारौं शताब्दीको अन्त्यतिरदेखि देशको विभिन्न भूभागमा छरिएको २२/२३ सौं राज्यहरूलाई एकीकरण शुरु गरी आधुनिक नेपाल निर्माण भएपश्चात् धार्मिक तथा सांस्कृतिक विकासको क्रमसँगै थेरवाद बुद्धधर्मको पनि पुनरुत्थान भएको मानिन्छ। बुद्धधर्मको विशुद्ध ज्ञान दिने सशक्त निकाय थेरवाद बुद्धधर्मको प्रचलन म्यानमार, श्रीलंका, थाइल्याण्ड आदि देशहरूमा रहेका छन्। इतिहास पल्टाउँदै जाँदा श्रीलंका र भारत देशहरूबाट बुद्धको जन्मभएको देश नेपालमा पुनः थेरवाद बुद्धधर्मको प्रवेश भएको थाहाहुन आउँछ।

त्यसताका परम्परागत मिश्रित बौद्ध धर्म मैआस्था राखेर बसेका नेपालीहरूको लागि एउटा विशुद्ध बुद्धधर्मको खाँचो भएको बखतमा बर्मी मूलकाभिक्षु ऊ.चन्द्रमणी महास्थविरको प्रभावले नेपालमा थेरवाद बुद्धशासनमा भिक्षुहरू महाप्रज्ञा, प्रज्ञानन्द, धर्मालोक, अमृतानन्द जस्ता संघर्षशील व्यक्तिहरू खडा भए। त्यस्तै महिलातर्फ अनागारिका धम्मचारी, अनागारिक ाधर्मशिला, अनागारिका सुशिला, भिक्षुणी धम्मवती गुरुमां जस्ता व्यक्तिहरूको पनि उदय भयो।

वि.सं. २०२० सालमा भिक्षुणी धम्मवती गुरुमां १४ वर्षसम्म म्यानमार देशमा अध्ययन पश्चात् बर्मीज नागरिक मां गुणवती गुरुमांसँगै नेपालमा बुद्धधर्म प्रचार प्रसार गर्ने उद्येश्यलिई स्वदेश आउनुभयो। उहाँ द्वय गुरुमांहरूले विभिन्न दुःखकष्ट गरी, बेजोडकासाथ लाग्नु भई नेपालमा थेरवाद बुद्धधर्म प्रचारप्रसार गर्नुभयो। भिक्षुणी धम्मवती गुरुमां भन्नुहुन्छ "यदि मां गुणवती

गुरुमां साथमा नेपाल नआउनु भएको भए आजसम्म मैले यति बुद्धधर्म प्रचार प्रसार गर्न सक्ने थिएन होला ।"

त्यसताका नेपालमा बौद्ध भएर पनि बुद्धधर्म अध्ययन गर्ने अवसर नभएको, जातपातको विभेद, कुरीति, कुसंस्कारले गाभिएको समाज, पुरुषप्रधान समाज आदिले महिलाहरूलाई शिक्षाबाट समेत वञ्चित गरी राखेको अवस्था थियो । यी कुराहरू सुनेर म्यानमारकी गुरुमांहरू छक्क पर्थे, अचम्म मान्थे । छोरा छोरी दुवैको समान व्यवहार गर्ने चलन भएको समाज, बुद्धशिक्षाको लागि ठूल्ठूला शिक्षालय, प्रव्रजितहरूलाई आधारभूत सुविधा सम्पन्न भएको विहार आदि म्यानमारको अवस्थालाई हेर्दा नेपालको अवस्था धेरै तल्लो स्तरमा पर्छ कि भन्ने त्यहाँका जनताहरू सोच्दथे । तर मां गुणवती गुरुमांले नेपाली महिलाहरूको अवस्था सुनेर करुणामयी दृष्टि राखी हेर्ने गर्नुहुन्थ्यो । यसै सिलसिलामा धम्मवती गुरुमांले पनि मां गुणवती गुरुमां समक्ष नेपालमा धर्मप्रचार गर्न आफूसँगै नेपाल आइदिनु हुन प्रस्ताव राख्नुभयो । पहिले नै नेपालमा गएर नेपालका दुःखी जनतालाई बुद्धधर्म सिकाइ ज्ञान दिन्छु भनी सोच बनाइ सकेकी मां गुणवती गुरुमांले उत्निखेरै सहर्ष स्विकार गरि हाल्नुभयो ।

नेपालमा प्रतिकूल धार्मिक अवस्था, सामाजिक अवस्था, अनि भाषा र खानपान नमिल्ने आदि कुराको केहि पनि परवाह नगरी मां गुणवती गुरुमां नेपाल आउनुभयो । त्यसताका नेपालमा गुरुमां द्वय बस्नको लागि गाँसबाँस समेत ठेकाना नभएकोले वि.सं २०२२ सालतिर गुरुमांहरूको लागि धम्मवती गुरुमांको परिवार लगायत अन्य केहि उपासक उपासिकाहरूको संयुक्त पहल एवम् सश्रद्धाबाट काठमाडौं नःघल स्थित "धर्मकीर्ति विहार"को स्थापना भयो । धर्मकीर्ति विहार स्थापना भएदेखि उहाँहरूबाट चरणबद्ध रुपमा बुद्धशिक्षा प्रदानगर्ने जमर्को गर्नुभयो र सोही योजना मुताविक अघि बढ्दै जानुभयो ।

धर्मकीर्ति विहारमा उहाँहरूले प्रत्येक महिनाको संक्रान्ति, पूर्णिमा, औंसी र अष्टमीका दिन बुद्धपूजा तथा धर्मदेशना कार्यक्रम संचालन गर्नुभयो । निरक्षर महिला पुरुषहरूको लागि प्रौढ कक्षा संचालन गर्नु भयो साथसाथै बौद्ध ग्रन्थ त्रिपिटक अन्तर्गतको धम्मपद, अभिधर्म आदि अध्यापन गराउने काम हुँदै गयो । गृहीणी महिलाहरूको लागि सीप मूलक तालिम जस्ता कार्यक्रमहरू संचालन गरिँदै महिलाहरूलाई उत्थान गर्ने काम हुँदै गए ।

युवावर्गहरूलाई धर्मको अध्ययन अध्यापन गराउने उद्येश्य लिई वि.सं २०२८ सालमा मुख्य चार उद्येश्यहरूका साथ "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"को स्थापना गरियो । यस चार उद्येश्य अन्तर्गत मध्ये एउटा उद्येश्य परिपूर्तिको लागि ग्रामीण क्षेत्रमा समेत बुद्धधर्म प्रचार प्रसारमा लाग्नुभयो । अझ युवावर्गहरूलाई उत्साहित गर्न विभिन्न नयाँ नयाँ आयामहरू थप्दै लानुभयो । यसले गर्दा अध्ययन गोष्ठी मार्फत युवावर्गहरूमा धार्मिक भावना झन बलियोसँगै बढ्दै गयो । अध्ययन गोष्ठीको कक्षामा पनि बुद्ध जीवनी, गृही विनय, धम्मपद, अभिधर्म इत्यादिका साथै त्रिपिटकको अध्यापन पनि हुँदै गयो ।


यी कार्यहरू बाहेक उहाँहरूले ससाना बाल बालिकाहरू लाई पनि बुद्धशिक्षा दिने उद्येश्यले जाडो महिनामा स्कूल विदाको समयमा विहान कक्षा सञ्चालन गर्दै लानु भयो । बुद्धशिक्षा दिने उद्येश्यले सञ्चालन गरिएको बौद्ध परियत्ति शिक्षाको पनि परिक्षाको लागि कक्षाहरू सञ्चालन गरियो । यसरी विभिन्न तवरबाट उहाँहरूले बुद्धशिक्षा प्रदान गर्ने काम गर्दै लानुभयो ।

एवं तवरले ३५ वर्षसम्म अटूट रुपले धर्मकीर्ति विहारका विभिन्न आयाम बोकी गुरुमां द्वयको अभियान सफल हुँदै गयो । त्यसपछि मां गुण गुरुमां आफ्नो स्वदेश फर्कनु त भयो, तर नेपाल र नेपालीको मायाले उहाँलाई पटक पटक नेपालतिर फर्कायो नै । जीवनको उत्तरार्द्धमा ९३ वर्षको उमेरसम्म पनि मां गुण गुरुमांले नेपालतिर फर्की यस देशका बौद्धजनको लागि उद्धार गरी ९५ वर्ष पुग्दा जीवनको अस्ताउँदो घाममा विलिन हुनुभयो ।

नेपालका लागि धर्मदूत भएर म्यानमारबाट आउनु भएकी दूरदर्शी, असीम करुणामयी, शीलवान, गुणैगुणले भरिपूर्ण गुणमयी, ममतामयी, विनयधारी, अविस्मरणीय दो गुणवती गुरुमांले हामी उपर लगाउनु भएको अपार गुणलाई मनन गर्दै अन्तमा गुरुमांको चरणमा कोटि कोटि वन्दना गर्दछु ।

साधु ! साधु !! साधु !!!

# वेस्सन्तर जातक – ३



✍ वीर्यवती गुरुमां



वोधिसत्व वेस्सन्तर राजकुमारले आफ्ना छोरा छोरी जुजक ब्राह्मणलाई दान दिइएको दृश्य

बोधिसत्वले पनि चेतराष्ट्रका नागरिकहरूले देखाएका मार्ग अनुगमन गर्दै १५ योजनको दूरीमा रहेको वंक पर्वत पुग्नुभयो । वंक पर्वत स्थित आश्रममा पुगी आफ्नो राजवस्त्र त्यागी तपस्वी भेष धारण गर्नुभयो । यसरी नै क्रमशः मद्दीदेवी, जाली कुमार र कृष्णाजिनीलाई पनि तपस्वी भेष धारण गराइयो ।

यसरी तपस्वी भेष धारण गरिसकेपछि मद्दीदेवीले दिनहुँ आफ्नो परिवारको लागि जंगलमा फलफुल टिप्न जाने गरिन् भने तपस्वी वेस्सन्तरले आफ्ना छोराछोरीलाई हेर विचार गरेर बस्ने गर्न थाले ।

वंक पर्वतमा रहेको सात महिना बितिसकेपछि एकदिन कलिंग देशस्थित दुन्निवट्ट गाउँका जूजक ब्राह्मण आफ्नी पत्नी अमित्रतापनको करकापमा परी दानी वेस्सन्तरकी पुत्र पुत्री जाली कुमार र कृष्णाजिनीलाई आफ्नी श्रीमतीकी दास बनाउने उद्देश्यले वेस्सन्तरका पुत्रपुत्री दान लिनको लागि एकदिन वंकपर्वत आइपुगे ।

त्यसवेला मद्दीदेवी फलफूल टिप्नका लागि वनमा गइरहेकी थिइन् । जाली कुमार र कृष्णाजिनी आफ्ना खेलौनाहरू अगाडि राखी खेलिरहेका थिए । जूजक ब्राह्मणलाई देखी वेस्सन्तरले वंकपर्वतसम्म कष्ट उठाई आउनुको कारण सोधे । जूजकले भन्यो– "भो दानी वेस्सन्तर । मलाई रुपैयाँ पैसाको आवश्यकता त छैन । म बूढो भएँ । त्यसैले मेरा केही कामहरू गराउनका लागि तपाईंका छोरा छोरीहरू माग्न आएको छु । यदि मेरो यो इच्छा पूरा गरिदिनु भएमा तपाईंले म प्रति ठूलो उपकार गरेको ठहरिने छ ।"

ब्राह्मणको यति कुरा सुनेपछि वेस्सन्तरको मन अति आनन्द र प्रसन्न भयो । उसले खुशी हुँदै भयो– "भो ब्राह्मण ! तिमी मेरा छोरा र छोरीका मालिक भयौ । मैले तिमीलाई मेरा छोरा र छोरी दुवैजना दान दिने भएँ । तर यिनीहरूका आमा मद्दीदेवी फलफुल टिप्नका लागि बिहान देखि जंगलमा गइरहेकी छिन् । उनी साँझपख आउनेछिन् । त्यसैले उनी नआउञ्जेल कुरी मेरा पुत्र र पुत्री दान लिई आजको रात यहीं बिताएर उनीले ल्याएको गुलीया र रसीला फलफुलहरू खाई भोली विहानीपख मात्र फर्कनुस् ।

बेस्सन्तरले मैत्रीपूर्वक अनुरोध गरेको कुरालाई जूजकले स्वीकार गरेनन् । उसले विचार गऱ्यो– "यी बच्चाहरू दान लिने सुवर्ण मौका त अहिले नै हो । जब यिनका आमा जंगलबाट फर्किनेछिन्, तब आमाको हृदयले बच्चा त्याग्न मान्ने छैन । बच्चाहरू पनि आमाको न्यानो माया त्यागेर मसंग जान मान्ने छैनन् र मेरो

योजनामा अवरोध आउनेछ। त्यसैले यी बच्चाहरूहका आमा फर्किनु अगाडि नै दान लिएर भागी हाल्नु उचित हुनेछ।"

यति विचार गरी जूजक ब्राह्मणले जाली कुमार र कृष्णाजिनीलाई सकेसम्म चाँडै दान दिन आग्रह गरे। अनि वेस्सन्तरले बाध्य भएर बच्चाहरूलाई मद्दीदेवी जंगलबाट फर्किनु अगाडि नै दान दिनको तरखर गर्नपर्‍यो।

आफ्ना छोरा र छोरीलाई जूजक ब्राह्मणले आफ्ना बुबा राजा संजयसमक्ष लगेको खण्डमा जूजक ब्राह्मणले थुप्रै पुरस्कार पाउने हुनाले जूजक ब्राह्मणलाई पनि भलो हुने र आफ्ना छोरा छोरीले पनि दुःख नपाउने विचार गरी वेस्सन्तरले जूजक ब्राह्मणलाई यस कुरा बारे अनुरोध पनि गरे। तर जूजक ब्राह्मणले यस अनुरोधलाई पनि इन्कार गर्दै भने– "भो वेस्सन्तर। मैले तिमीले भनेको कुरा मान्न सक्दिन। मलाई राजाले दिने धन र पुरस्कारको आवश्यकता छैन। मलाई त यी बच्चाहरू सकेसम्म छिटो लगी मेरी ब्राह्मणीको काम सघाउन पाए पुग्छ।"

जूजकको यस्तो कडा वचन सुनी जाली र कृष्णाजिनी ज्यादै डराए। जूजक ब्राह्मणको डरलाग्दो रूप, कडा मिजास र नराम्रो स्वभाव देखि तर्सेका जाली कुमार र कृष्णाजिनी पोखरीको किनारमा गई कमलको पातले छोपी लुकिरहे।

जब वेस्सन्तरले उनीहरू दुवैलाई लुकीरहेको स्थानबाट खोजी फेला पारे तब उनीहरू दुबै डराउँदै वेस्सन्तरको दाँया र बाँया खुट्टा वेस्सरी समाती रूँदै भने– "बुबा! आमा जंगलबाट फर्किनु भएको छैन। आमा नआउञ्जेल यहीं बसी उहाँको मुख एक पटक मात्र हेरी जानपाए हुन्थ्यो।"

वेस्सन्तरले आफ्नो आँसु पुछेर मन धैर्य गर्दै भने– "मेरा छोरा र छोरी हो। तिमीहरूले म एक दान गर्ने दानी व्यक्ति भनेर थाहा पाएका नै छौ। मेरो काम नै दान दिनु हो। त्यसैले तिमीहरूले मेरो मनोरथ पूर्ण हुने काम गरिदेऊ।" यति भनी आफ्ना छोराछोरीहरूको चित्त प्रसन्न पार्दै धैर्य दिई आश्रम तिर लगी पानीले भरिएको कमण्डल लिई यसरी प्रार्थना गरे– "भो ब्राह्मण! मेरा यी छोरा-छोरी दान दिएको कारणले मैले बुद्धत्व प्राप्त गरी जगतका प्राणीहरूलाई उद्धार गर्न सकुँ। भो जूजक ब्राह्मण! मैले मेरा यी छोरा-छोरीहरूलाई मन नपरेर दान दिइरहेको होइन। यी छोरा-छोरीहरू मलाई मेरो मुटु र आँखाहरूभन्दा पनि प्यारा छन्। अझ यी छोरा-छोरीहरू भन्दा पनि सयौं, हजारौं र लाखौं गुणा बढी बुद्धत्व नै प्रिय छ। त्यसैले मैले यी पुत्र-पुत्रीहरूलाई बुद्धत्व प्राप्तिको खातिर दान गर्दैछु।" यति भनी वेस्सन्तरले कमण्डलको पानी बहाउँदै पुत्र-पुत्री दान दिए।

दान दिइसकेपछि बोधिसत्वले मनमनै प्रीति उत्पन्न गरी" अहो! मेरो दान! भन्दै आफ्ना पुत्र-पुत्रीहरूको अनुहार नियाली रहे।

त्यसपछि जूजक ब्राह्मणले बनमा गई रूखका लामा लामा लहराहरू काटी ल्याएर त्यसको डोरी बनाई वेस्सन्तरका पुत्र-पुत्रीहरूका ससाना कलिला हातहरूमा बाँधी तान्दै घसार्दै लगे। यस दृश्यलाई वेस्सन्तरले धैर्य गर्दै सहेर टुलु-टुलु हेरिरहे।

वेस्सन्तरका पुत्रपुत्रीहरू जुजक ब्राह्मणको अभद्र व्यवहार देखेर ज्यादै तर्से। ती दुई बालहरू डरलाग्दो ब्राह्मणको यस्तो अशोभनिय व्यवहार देखेर उसंग जान नमानेपछि जूजक ब्राह्मणले ती दुबै बालबालिकाहरूलाई निर्दयता पूर्वक रूखका लताहरूले पिट्ने गर्थे। यसरी निर्दयतापूर्वक ती निर्दोष बाल-बालिकाहरूलाई घिसार्दै र पिट्दै लगेको दृश्यले वेस्सन्तरलाई धेरै छटपटायो। एकछिन त उसले आफूलाई धैर्य गर्न सकेन र जूजक ब्राह्मणलाई एकातिर हटाएर ती निर्दोष बाल-बालिकालाई आफैंले फिर्ता ल्याउन मन लाग्यो। तर तुरून्त होश सम्हाली आफ्नो चित्तलाई धैर्य गर्दै जवरदस्ती सहेर बसे। अचानक जूजक ब्राह्मण लडखडाई लडे। यही मौका पारी जाली कुमार र कृष्णाजिनीले आफूलाई बाँधि राखेको डोरी फुकाली दगुर्दै आफ्ना बुबा वेस्सन्तरकहाँ भागे। जूजक ब्राह्मण देखी थरथर काँपि रहेका ती बाल-बालिकाहरूलाई एकछिन मै जरुमुन्याउँदै उठेर जूजक ब्राह्मणले फेरि रिसाउँदै राता-राता आँखा पारेर तान्न आए। अनि जाली कुमार र कृष्णाजिनीले आफ्ना बुबा वेस्सन्तर समक्ष विलाप गर्दै भने– "पिता! हाम्रा माता जंगलबाट फर्कनु हुँदै उहाँले हामीलाई नदेखेपछि जब विरह गर्नुहुन्छ, तब कृपया तपाईंले उहाँलाई हाम्रो खेलौनाहरू हात्ती, घोडा इत्यादि दिई फकाउनुहोस्। हाम्रो माता हामी नदेखेपछि कति रुने होला। आज हामीले हामी खेल्ने पोखरी, आश्रम, हाम्रो खेलौनाहरू,

यी फलफुलका बोटहरू र हाम्रा आमा-बुबाहरू सबैलाई त्यागेर जान परिरहेको छ ।"

यसरी विरह गरिरहेका बालबालिकाहरूलाई जूजक ब्राह्मणले रीसले दाऱ्हा किट्दै "तिमीहरू त खूब भाग्न जानेका रहेछौ होइन ?" भन्दै हातमा डोरीले बाँधी फेरि तानेर पिट्दै लगे । यस दृश्यलाई मौन भएर हेरिरहेका वेस्सन्तरलाई उसका पुत्र-पुत्रीहरूले भने– "पिता ! यस ब्राह्मणले हामीलाई उसका दास दासीहरूलाई जस्तै निर्दयता पूर्वक पिटिरहेका छन् । यो मान्छे त ब्राह्मण जस्तो पनि छैन । ब्राह्मणहरू त धार्मिक हुनु पर्ने होइन र ? यो त कुनै एक यक्ष जस्तै छ । यसले त हामीलाई मारेर खानको लागि लगिरहेको जस्तो छ । तपाईंले किन केही पनि विरोध नगरी हेरी मात्र रहनु भएको ? तपाईंलाई हाम्रो माया लाग्दैन र ? यस्तो शास्ती नगर्नु भनी किन रोक्नु भएन यस ब्राह्मणलाई ?"

आफ्ना पुत्र-पुत्रीहरूको दयनीय करुणा विलापले भरेको स्वर सुनी वेस्सन्तरको मनमा ठूलो शोक उत्पन्न भयो । एक मनले त ती निर्दोष बाल-बालिकालाई निर्दयता पूर्वक बाँधेर पिट्दै लगेका त्यस ब्राह्मणलाई ठूलो सजायँ दिउँ कि क्या हो भन्दै आफ्नो शक्ति प्रयोग गर्न मन लागेको थियो । तर यो विचार उचित होइन, यो त आफ्नो पुण्य कार्यको लागि मारको रूपमा वाधक बन्दै आइरहेको विचार हो भन्ने ठानी आफ्नो मनलाई दृढता पूर्वक संयम गरी आफ्नो आश्रम भित्र पसे ।

आश्रमभित्र गई वेस्सन्तरले यसरी विरह गरे– "हरे ! ती वच्चाहरूलाई तिर्खा भोक लाग्ने बेला अब कसले खुवाउँदछ होला तिनीहरूलाई ? बग्गी र घोडा मात्र चढेर गइरहेका ती बच्चाहरूले आज कसरी त्यत्रो बाटोबाट पैदल हिंडेर जान्छन् होला ? उनीहरूका ससाना खुट्टाहरू सुन्निएर आउने वेला र थकाई लाग्ने थेला उनीहरूलाई कसले बोकि देला र ? त्यस्ता सुविनीत, निर्दोष बाल-बालिकालाई मेरै अगाडि त्यसरी शास्ती गरी पिटेर लाँदा उनीहरूलाई कति लाज मर्दो भयो होला ? यस्तो हृदयविदारक दृश्य हेरेर पनि केही गर्न नसक्ने पंगु जस्तो भई, घाँटी भित्र बल्छी अड्किएको माछाको रूपमा बसिरहनु परेको छ मलाई । यस्ता निर्दोष बाल-बालिकाहरूलाई पिट्ने त्यस ब्राह्मणको कस्तो कठोर मन होला ? यो ब्राह्मणले त मेरा छोरा-छोरीलाई अति नै कष्ट दिई शास्ती गर्दैछ । यस ब्राह्मणलाई त अहिले नै गई तरवारले दुई टुक्रा पारी मेरा प्यारा छोरा-छोरीलाई फर्काएर ल्याउनु राम्रो हुनेछ ।"

यति विचार गरी बसिरहेको बोधिसत्व वेस्सन्तरको अर्को मनले फेरि यसरी सोच्न थाल्यो– "अहो ! दान दिइसकेका बाल-बालिकाहरूलाई दुःखकष्ट भयो भन्दै आफूले दान दिएको कार्यबारे पश्चाताप गर्ने बानी उचित होइन । यो त सत्य धर्म पनि होइन । कुनै पनि बोधिसत्वले धन, अङ्ग, प्राण, श्रीमती तथा छोरा-छोरीहरू दान नदिइकन सम्यक सम्बुद्ध हुनै सक्दैन भने म पनि सम्यक सम्बुद्ध हुने बोधिसत्वहरू मध्ये एक हुँ । त्यसैले मैले पनि धन, अङ्ग, प्राण, श्रीमती तथा छोरा-छोरीहरू समेत दान नदिइकन सुख नै छैन । *क्रमशः*

*साभार- 'दानपारमिता' - वीर्यवती*

**धर्मकीर्ति विहारलाई चन्दा सहयोग**

तारासिद्धि बज्राचार्य

ताहाचल, काठमाडौं - रु. ५,५५५/–

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्मः*
बि.सं. १९९२ भाद्र
२४ गते

*जन्मः*
बि.सं. २०७८ चैत्र
२ गते

**दिवंगत सुमति तुलाधर**

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया दुजः
**मयजु सुमति तुलाधर** दिवंगत जुयादिल ।
जीवनकाछि वय्कलं मुनादीगु
भिंगु ज्याया लिच्वः पुण्य शक्तिं वय्कःयात
निर्वाण हेतु चूलाय्मा धकाः कामना यासे
पुण्यानुमोदन यानाच्वना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
धर्मकीर्ति विहार
श्रीघः नःघः, यें

# भिक्षु अश्वघोष एवं दो गुणवती गुरुमांको पुण्य स्मृतिमा परित्राण पाठ सम्पन्न



पुण्यानुमोदन गर्नुहुँदै धम्मवती गुरुमां

*२०७८ चैत्र ११ गते, शुक्रवार*

*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन धर्मकीर्ति विहारमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर एवं श्रद्धेय दो गुणवती गुरुमां दिवंगत हुनुभएको ३ वर्ष भएको पुण्य स्मृतिमा भिक्षु महासंघ र प्रव्रजित गुरुमांहरूको संघबाट सामूहिक परित्राण पाठ गरी पुण्य सञ्चय गरियो । उक्तदिन आमन्त्रित भन्ते गुरुमांहरूलाई धम्मवती गुरुमां प्रमुख धर्मकीर्ति विहार निवासी गुरुमांहरू र अन्य आमन्त्रित गुरुमांहरूबाट पनि दिवंगत भन्ते अश्वघोष एवं दो गुणवती गुरुमांको पुण्यस्मृतिमा दान प्रदान गरिएको थियो भने आमन्त्रित सबैलाई जलपान भोजनको प्रायोजन गरिएको थियो । यसदिन धर्ममूर्ति भन्तेबाट धर्मदेशना गरिएको थियो । कार्यक्रमको अन्त्यमा धम्मवती गुरुमांले पुण्यानुमोदन गर्नुभएको थियो ।

## सामूहिक पाठ सम्पन्न

*२०७८ चैत्र महिना*

*स्थान- निर्वाणमूर्ति किम्डोल विहार, धम्महल*

निर्वाणमूर्ति किम्डोल विहारमा वर्षेनी गरिने महापरित्राण पाठलाई यसपालि भिक्षु महासंघबाट सामूहिक महापरित्राण पाठ गरी सम्पन्न गरियो । भिक्षु कोण्डञ्ञबाट धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा भिक्षु महासंघलाई दाताहरूबाट अष्टपरिष्कार दान गरिएको थियो । आमन्त्रित भन्ते गुरुमांहरूलाई दान प्रदान र जलपान, भोजनको प्रायोजन गरिएको उक्त कार्यक्रमको अन्त्यमा सामूहिक पुण्यानुमोदन गरिएको थियो ।



सामूहिक महापरित्राण पाठ गर्नुहुँदै भिक्षुसंघ

# श्रद्धाञ्जली सभा सम्पन्न

*२०७८ चैत्र १२ गते*

*स्थान- शाक्यसिंह विहार, प्रज्ञानन्द धम्महल ।*



*श्रद्धाञ्जली सभामा राखिएको दि. उप्पलवण्णा गुरुमांको तस्विर*

यसदिन दिवंगत उप्पलवण्णा गुरुमांको पुण्यस्मृतिमा प्रव्रजित गुरुमांहरूको संघ र शाक्यसिंह विहारको संयुक्त आयोजनामा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको छ । भिक्षु धर्मगुप्त महास्थविरले पञ्चशील प्रार्थना गराउनुभएको उक्त कार्यक्रम अरियत्राणी गुरुमांले सञ्चालन गर्नुभएको थियो ।

भन्ते गुरुमांहरूबाट दिवंगत उप्पलवण्णा गुरुमांको तस्विरमा फूल चढाई श्रद्धाञ्जली अर्पण गर्नुभएपछि विमलत्राणी गुरुमांले दिवंगत उप्पलवण्णा गुरुमांको संक्षिप्त जीवनी प्रस्तुत गर्नुहुँदै उहाँले आफ्नो जीवनमा धर्मप्रचार कार्यमा पुऱ्याउनु भएको योगदानको विश्लेषण गर्नुभएको थियो । प्रस्तुत गरिएको संक्षिप्त जीवनीमा उल्लेख गरिएनुसार उप्पलवण्णा गुरुमां बि.सं. २०१६ सालमा प्रव्रजित हुनुभएको थियो भने बि.सं. २०३५ सालमा परियत्ति सद्धम्म कोविद परीक्षामा उत्तिर्ण गर्नुभएको थियो ।

कार्यक्रममा श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

भिक्षु निग्रोध, अनुपमा गुरुमां, अमिता धाख्वा:, सुमेध शाक्य (दि. उप्पलवण्णा गुरुमांका भान्जा), हेराकाजी अवाले आदि ।

कार्यक्रममा उप्पलवण्णा गुरुमांको पुण्यस्मृतिमा चाकुपाट स्थित उहाँको शान्ति सुखावास विहारको तर्फबाट उहाँका शिष्याहरूले देवदहमा निर्माण भइरहेको यशोधरा विहारको लागि एकलाख बीस हजार रुपियाँ (रु. १,२०,०००/–) चन्दा प्रदान गर्नुभएको थियो । यसरी नै प्रव्रजित गुरुमांहरूको लागि स्थापित मृत्यु संस्कार गुठीको लागि रु. १०,०००/– (दश हजार रुपियाँ) पनि चन्दा सहयोग प्रदान गरी पुण्य सञ्चय गरिएको थियो । अन्त्यमा त्राणवती गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु धर्मगुप्त महास्थविरले पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

# बुद्ध विहारको पुनः निर्मित भवन समुद्घाटन




*मन्तव्य व्यक्त गर्नुहुँदै मेयर विद्या सुन्दर शाक्य*



*साधुवाद-पत्र ग्रहण गर्नुहुँदै उपमेयर हरिप्रभा श्रेष्ठ खड्गी*

*२०७८ चैत्र ५ गते, शनिवार*
*स्थान- बुद्ध विहार, भृकुटी मण्डप*

बुद्ध विहारको पुनः निर्मित भवन का.म.न.पा का मेयर विद्या सुन्दर शाक्यबाट उद्घाटन भएको छ ।

भिक्षु धर्ममूर्ति महास्थविरको सभापतित्व, का.म.न.पा.का मेयर विद्या सुन्दर शाक्यको प्रमुख आतिथित्वमा एवं उपमेयर हरीप्रभा श्रेष्ठ खड्गीको विशेष आतिथित्वमा सञ्चालित उक्त कार्यक्रममा भिक्षु धर्ममूर्तिले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

बुद्ध विहारका प्रमुख भिक्षु कौण्डञ्य महास्थविरले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै २०७२ सालको भूकम्पबाट असर पारिएको धम्महल पुनः निर्माण गर्नको लागि आवश्यक आर्थिक सहयोग गर्नुहुने दाताहरू लगायत काठमाडौं महानगर पालिकाबाट प्राप्त आर्थिक सहयोग विषयमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा मेयर एवं उपमेयरलाई विहार प्रमुख भिक्षु कौण्डञ्ञले साधुवाद एवं अभिनन्दन-पत्र प्रदान गर्नुभएको थियो ।

विहार पुनः निर्माणको लागि सहयोग गर्नुहुने चन्दा दाताहरूलाई साधुवाद एवं अभिनन्दन-पत्र प्रदान गरिएको उक्त कार्यक्रममा उपमेयर हरीप्रभा श्रेष्ठ खड्गीले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा हामीले आ-आफ्नो भाग्य आफै कोर्नुपर्ने विषयमा चर्चा गर्नुभयो ।

यही क्रममा उहाँले विहारबाट जति पनि असल शिक्षाहरूको प्रचार भइरहेका छन् ती पनि एकप्रकारको समाज सेवा नै हो । यी अशल शिक्षाहरूलाई हामीले नबिराई पालन गर्न सकेमा हाम्रा भविष्यका सन्तानहरूले समेत अशल कार्य गरी आ-आफ्नो भविष्य सपार्न सक्षम हुने विषयमा विश्लेषण गर्नुभयो ।

आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा का.म.न.पा.का मेयर विद्या सुन्दर शाक्यले हाम्रो सम्पदा जोगाउन विदेशबाट सहयोग लिने कार्यलाई मात्र जोड दिनु भन्दा आफ्नै देशले पनि सहयोग गर्ने मानसिकता अगाडि बढाउनु पर्ने विषयमा चर्चा गर्नुहुँदै का.म.न.पा.ले नेपालको सम्पदा बचाउन महायान, वज्रयान र थेरवाद लगायत अन्य विभिन्न क्षेत्रका अमूल्य सम्पदाहरू सुरक्षार्थ सहयोग कार्य अगाडि बढाइरहेको विषयमा उल्लेख गर्नुभयो ।

बुद्ध विहार पुनःनिर्माण समिति, बुद्ध विहार संरक्षण समितिको आयोजनामा सञ्चालित यस कार्यक्रममा सानुबाबु सायमीले साधुवाद मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको समापन पश्चात् डा. महेशमान श्रेष्ठको तर्फबाट जलपानको प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्मः*
बि.सं. १९९२ फागुण २९ गते

*दिवंगतः*
बि.सं. २०७८ फागुण १७ गते

## दिवंगत चन्द्रमाया महर्जन

*मैतीदेवी, काठमाडौं*

धर्मकीर्ति बौद्ध मासिक पत्रिकाया पूर्व व्यवस्थापक चिनीकाजी महर्जनया अनन्त गुण दुम्ह **मां चन्द्रमाया महर्जन** दिवंगत जुयादिल । वय्कःया छ्यँजःपिसं थुगु दुःखद् इलय् अनित्य, दुःख व अनात्म स्वभाव दुगु संसारयात म्हसीकाः नुगःचीफय्मा । मदुम्ह उपासिकायात नं सुगति सहित निर्वाण हेतु चूलाय्मा धकाः पुण्यानुमोदन याना ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्मः*
बि.सं. २००६ असार ०२, गते

*दिवंगतः*
बि.सं. २०७८ फागुण ०३ गते

## दिवंगत लक्ष्मी डंगोल, खुसिबुं

धर्मकीर्ति द्वितीया पुचः (पूर्णिमा पछिको) का सदस्य उपासिका **लक्ष्मी डंगोल** दिवंगत हुनुभयो । दिवंगत उपासिकालाई सुगति एवं निर्वाणको हेतु प्राप्त होस् भनी पुण्यानुमोदन गरिएको छ ।

## धर्मकीर्ति द्वितीया पुचः

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो







*जन्म:*
बि.सं. १९९२ फागुण २९ गते

*दिवंगत:*
बि.सं. २०७८ फागुण १७ गते

## दिवंगत चन्द्रमाया महर्जन

*मैतीदेवी, काठमाडौं*

धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका विशेष सदस्य सदस्यता नं. १८६ एवं यस पत्रिकाका पूर्व व्यवस्थापक चिनीकाजी महर्जनका **माता चन्द्रमाया महर्जन** दिवंगत हुनुभयो। यस दुःखद् घडीमा उहाँका परिवारजनले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन्। साथै दिवंगत चन्द्रमाया शाक्यलाई सुगति सहित निर्वाणको हेतु प्राप्त होस् भनी कामना गर्दै पुण्यानुमोदन गरिएको छ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो







*जन्म:*
बि.सं. १९९२ फागुण २९ गते

*दिवंगत:*
बि.सं. २०७८ फागुण १७ गते

## दिवंगत चन्द्रमाया महर्जन

*मैतीदेवी, काठमाडौं*

धर्मकीर्ति विहार चम्पा भोजन पुचःया दुजः **चन्द्रमाया महर्जन** आकाझाकां दिवंगत जुया दिल। वयकःया सुगति व निर्माण कामना यासे दुःखं कयाच्वंगु थुगु इलय् वयकःया छ्यँजःपिसं बुद्ध शिक्षायात थुइकाः धैर्य धारण याय् फयमा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना।

## चम्पा भोजन पुचः परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
बि.सं. १९९४ कार्तिक
२० गते, शुक्रवार

*दिवंगत :*
बि.सं. २०७८ फागुण
१६ गते, सोमवार

# दिवंगत रतन माया महर्जन

हाम्रा हितैषी, सहयोगी **रतन माया महर्जन** ८४ वर्षको उमेरमा दिवंगत हुनुभयो । अविवाहित नै रही जीवन बिताउनु भएकी उहाँले आफ्नो जीवनको सातदिन दो. गुणवती गुरुमां र उहाँका संरक्षक उपासिका हेरादेवी कंसाकार संगै बुद्धगया गई अल्पकालिन प्रव्रज्या जीवन बिताउने सुअवसर प्राप्त गर्नुभएको थियो । आफ्नो जीवनको १४ वर्षिय उमेर देखि जनबहाल निवासी हेरादेवी कंसाकारको सेवा गरी बिताउनु हुने रतनमायाको परलोक जीवन सुगतीमय बनी निर्वाणको हेतु प्राप्त होस् भनी कामनामा साथ पुण्यानुमोदन गरेका छौं ।


**चन्द्रवीर सिंह कंसाकार सपरिवार, जनबहाल**
**सरीता तुलाधर सपरिवार, किम्डोल, स्वयम्भू**
**मोती महर्जन (भाई बुहारी), टेबहाल**
**मचाराजा महर्जन, सपरिवार, टेबहाल**

# बुकेट श्रद्धा–स्वां थ्व निपासः जिगु दुनुगलंनिसें श्रद्धाञ्जलि वसपोलपिन्त कामना मंगल मार्गफल निर्वाणया नं।




**डा. चन्द्रेश रत्न तुलाधर**
– बरिष्ठ पारिवारीक स्वास्थ्य तथा
बालरोग विशेषज्ञ (९८१८–७२०–७९०)
(सल्लाहकार, धर्मकीर्ति स्वास्थ्य कमिति)



दि. दो गुणवती गुरुमां (बर्मी)
(सन् १९२४ डिसेम्बर –
सन् २०१९ मार्च २८)

नुगः मछिं तसकं तसकं
बिचाः हायेका च्वना जिं
म्हिगः खनापिं थौं मन्त ।

महागुणी दो गुणवती स्वापू-ताँ धर्मकीर्तिया
जन्मभूमि बर्मा अले कर्मभूमि नेपाः देय् नं
तथागतया हे लँपुइ गथे म्हिगः ..... कन्हे नं



दि. भिक्षु अश्वघोष महास्थविर
(वि.सं. १९८३ जेठ ३१ गते –
वि.सं. २०७५ चैत्र २२ गते)

महान बौद्ध विद्वान श्रद्धेय भी भन्ते अश्वघोष
नांत जाः आपालं बौद्ध जगतय् न्हापा न्हापा नं
बिनावन लूनिभाः धम्मानुशासक धर्मकीर्तिया नं

महागुणी व महान बौद्ध विद्वान श्रद्धेय जुया नं
तनावन, नुगः ख्वः, अनित्य संसार लुमंके हाकनं
म्हिगः खनापिं थौं मन्त ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
बि.सं. १९७९ चैत्र २८ गते

*दिवंगत :*
बि.सं. २०७८ फागुन ११ गते बुधवार

# दिवंगत कृष्ण देवी मानन्धर

फसिक्यब

अनन्त गुणले सम्पन्न हाम्री दिदी, माता एवं हजुर आमा दिवंगत हुनुभयो । उहाँले आफ्नो जीवनभर गर्नुभएका कुशल कर्मवाट संचित पुण्य शक्तिको कारणले उहाँलाई सुगति एवं निर्वाणको हेतु प्राप्त होस् भनी कामना गर्दै पुण्यानुमोदन गर्दछौं । साथै यस दुखद् घडीमा हामीलाई मैत्रीपूर्वक धैर्य धारण गराउनु भएका नाता कुटुम्व एवं मित्रजनहरूलाई साधुवाद एवं धन्यवाद व्यक्त गरेका छौं ।

**बहिनी : दानदेवी मानन्धर**

छोरा : **रमेश मानन्धर** – बुहारी : **अनिता मानन्धर**

नाती : **अनिश मानन्धर** – नातिनी बुहारी : **एरिसा मानन्धर**

नातिनी : **सृजा मानन्धर**

पनाती : **अरहन्त मानन्धर**

फसिक्यब, न्यूरोड

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७८/०७९)

# भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!



## उपासक मोती कृष्ण तुलाधर

असं, यैं

अनन्त गुणं जाःम्ह जिमि **बाः मोती कृष्ण तुलाधर सच्छि व च्यादं (१०८ वर्ष)** दुगु उपलक्ष्ये बुदिं हनाच्वना । वसपोल जिमि बुबाया सुखी, निरोगी व ताआयुया कामना यासे भगवान् बुद्धं कनाबिज्याःगु अमूल्य उपदेशयात जीवनय् छ्यलाः बाकी दुगु जीवन नं भाग्यमानी याय् फय्मा धकाः भिन्तुना च्वना ।

भवतु सब्ब मंगलम् ।

*काय्ः* **प्रकाश तुलाधर** – *भौः* **तारा शोभा तुलाधर**

– *भौः* **अष्टशोभा तुलाधर**

*काय्ः* **रत्नकाजी तुलाधर** – *भौः* **शोभा तुलाधर**

*म्ह्यायुपिंः*

**मोती हिरा कंसाकार, रुपशोभा बनिया, अनिता तुलाधर, निर्मला कंसाकार, सहनशीला तुलाधर व सकल परिवार**

मु□कः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com